# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

सुचना, विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै
www.missionenews.com
अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

वर्ष-२ | अंक-३० | २०७४ माघ २४ गते बुधबार | 7 February 2018 Wednesday | मूल्य रू. १०/-



## प्रदेश ६ का ठुला आयोजना जलविद्युत र सडक

**मिसन न्यूज**

**कालिकोट**–समृद्धिको चर्चा भए पनि यहाँका ठुला जलविदयुत् आयोजना, र ाजमार्ग र नयाँ सहरको निर्माणको गति भने सुस्त छ । नयाँपत्रिकामा समाचार छ । स्थानीय बासिन्दाको अवरोध र बजेट अभावका कारण आयोजनाले गति लिन सकेको छैन । माथिल्लो कर्णाली जलविद्युत् आयोजना, कर्णाली पञ्चकोसी राजमार्ग, नलसिङगाड जलविद्युत् आयोजना, नयाँ सहर र मध्यपहाडी र ाजमार्ग प्रदेश ६ का ठूला आयोजना हुन् । यी आयोजना सम्पन्न भए स्थानीय उत्पादनको बजारसम्मको पहुँच, सहरीकरण, विद्युतीकरण तीव्र गतिमा हुने अपेक्षा गरिएको छ । जसले प्रदेश ६ लाई विकास र समृद्धिको बाटोमा डोर्‍याउने जनप्रतिनिधिहरूको दावी छ ।

**दुई नयाँ सहर बन्दै**

प्रदेश ६ को दैलेखको राकम कर्णाली र पश्चिम रुकुमको चौरजहारीमा नयाँ सहर निर्माण हुँदै छन् । तर, स्थानीय बासिन्दाले मुआब्जामा विवाद निकालेका कारण ढिलाइ भएको छ । आयोजनाले रणनीति नै परिवर्तन गर्नुपरेको छ । आयोजनाका इन्जिनियर सञ्जीव शाहले भने, 'ल्यान्डपोलिङ रणनीतिअनुसार नयाँ सहर विकास गर्न लागिएको छ ।' यसअनुसार अधिग्रहण गरिएको जग्गामध्ये ३० प्रतिशत सडक र अन्य



दैलेखको राकम कर्णालीमा नयाँ सहर निर्माण हुँदै ।

पूर्वाधारमा प्रयोग गर्ने र बाँकी ७० प्रतिशत जग्गाधनीलाई नै फिर्ता गरिनेछ ।


**राकम कर्णाली**

स्थानीय सरकार गठनपछि आयोजनाको काम अगाडि बढेको दैलेखको आठबीस नगरपालिका प्रमुख खड्गराज उपाध्यायले बताए । उनले भने, 'स्थानीयसँगको छलफलपछि जग्गा फुकुवा गरिएका छन् ।' अहिले राकम कर्णाली-४ को सेरावाडा र बगरखेतमा नयाँ सहरका लागि पूर्वाधार निर्माण गर्न डिपिआरको काम सुरु गरिएको छ । गत वर्ष आयोजनाले छकरोड ६८ लाख रुपैयाँ विनियोजन गरेको थियो । सडक निर्माण, सार्वजनिक जग्गा संर क्षणलगायतमा खर्च गरिएको शाहले बताए । यो वर्ष १० करोड विनियोजन भएको छ ।त्यस्तै, पश्चिम रुकुमको चौर जहारीमा आर्थिक वर्ष ०६८/६९ मै नयाँ सहर निर्माणको घोषणा गरिए पनि तीन वर्षअघि मात्रै काम सुरु भएको हो । सुरुवाती वर्षमा भवन डिभिजन कार्यालय, रोल्पाले हेर्दै आएको भए पनि गतवर्षदेखि चौरजहारीमै नयाँ सहर आयोजना कार्यालय स्थापना भएको छ । आयोजनाको भवनसहित सडक, बसपार्क निर्माणको काम भइरहेको निमित्त आयोजना प्रमुख रञ्जनकुमार दासले बताए । त्यस्तै, चौरजहारीमा चक्रपथ निर्माणको काम भइरहेको छ । ४२ किलोमिटरमध्ये १५ किलोमिटर ट्र्याक खोलिएको छ । त्यस्तै, मुख्य बजारको ७८७ किमी कालोपत्रे गर्न थालिएको छ । सात सयजना अटाउने सभागृह र एकीकृत सेवा केन्द्रको डिजाइन भइर हेको छ भने जग्गा विकास कार्यक्रमअन्तर्गत ६ सय रोपनी जग्गा छनोट गरिएको छ । सभागृह, एकीकृत सेवा केन्द्र र जग्गा विकासको काम यही वर्षबाट सुरु हुने दासले बताए । यो योजनाअन्तर्गत चौरजहारी नगरपालिका-१ देखि ५ वडामा नयाँ सहर निर्माण हुन लागेको हो ।

## जंगली जनावर चोरी सिकार

**मिसन न्युज**

**मुगु**–मुगुका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएसँगै जंगली जनावर र पक्षीको चोरी सिकार गर्ने क्रम बढेको छ । हिउँमा फसेका मृगसहितका जनावर र चिसोले बेसी तिर झरेका पंक्षीको सिकार गर्ने क्रम बढेको हो । हिमपात भएपछि जनावर तथा पंक्षीको सिकार गर्न सजिलो हुने भएकाले उच्च पहाडी जिल्लाका जंगली क्षेत्रमा सिकारका लागि जानेको संख्या बढेको बताईएको छ ।



मुगुमा धैरैजसो गाउँपालिकाका वनहरुमा बन्दुक, भाला, हसिँया, लाठी लगायतका घरेलु हतियार र सिकारी कुकुरसहित मानिसहरु रतुवा, घोरल, झारल, थार ल, बंदेल लगायत जंगली जनावर र डाँफे, कालिज लगायत पक्षीको सिकार गर्ने क्रम बढेको छ । अहिले हिमाली भेगमा सिकारको सिजन सुरु भएको छ । मुगुका हिमाली क्षेत्र करानको लेख, चंखेली, मुर्मा रारा, कालामुल, घुच्ची लगायतका खत्याड र सोरुका उच्च भुभागहरुमा वनक्षेत्रमा सिकार गर्ने क्रम चलिरहेको छ । सिकार गरेको डाँफे सदरमुकाम लगायतका आसपास क्षेत्रमा एउटाको २ हजार ५ सयदेखि ३ हजार ५ सय सम्ममा बिक्री हुने गरेको छ ।

## स्थानीयको खाद्यन्न माग

**मिसन न्युज**

**जाजरकोट**– कर्णाली सँग सिमाना जोडिएका जाजरकोटका उत्तरी क्षेत्रका विभिन्न गाँउ विकास समितिमा खाद्यन्न अभाव भएको छ । यातायातको पहुँच नभएका जिल्लाका अति दुर्गममा रहेका नायकवाडा, रोकायगाँउ, सक्ला, रामीडाँडा, दह, मजकोट, कोर्ताङ्ग, गर्खाकोट लगायतका गाविसमा खाद्यन्नको अभाव परेको हो । स्थानिय स्तरमा उत्पादित अन्न सकिएको, गाँउमा खाद्य बजार नभएको र सरकार ले स्थापना गरेका खाद्य डिपोमा पनि खाद्यन्न नभएपछि ति क्षेत्रमा खाद्य संकट परेको स्थानियको भनाई छ । बर्षेनी हुने खाद्य संकटलाई हल गर्न सरकारले जाजर कोटका रग्दाको चौखा, नायकवाडाको घाट, पजारुको घोगी र दशेरामा गरी चार ठाँउमा स्थापना गरिएका खाद्य संस्थानका खाद्य डिपो यतिबेला रित्तै छन् । डिपोमा लामो समय देखी चामल छैन गाँउमा उत्पादित अन्न सकियो के खाएर गुजरा चलाउने हो नायकवाडा ५ कालाखोलीका महावीर नेपालीले दुखेसो पोख्दै भने न त नजिकमा खाद्य पसल नै छन् ।

केही हुनेखानेले सदरमुकामबाट घोडा खच्चडमा खाद्यन्न ढुवानी गरेर ल्याउँछन तर हामी जस्ता निमुखालाई साह्रै समस्या परेको उनले बताए । उनले सरकार सँग खाद्य डिपोमा सहुलियत दरको चामल पठाइदिन माग गरे । पुरानो अन्न सकिएको नयाँ नपाकेको र खाद्य बजार नै नभएका कारण गाँउलेहरु निकै समस्यामा परेको उनको भनाइ छ । सडक यातायातले छुन नसकेका ति गाविसबाट जिल्ला सदरमुकाम पुग्न दुई देखी तीन दिनको पैदल हिड्नु पर्ने बाध्यता छ । सदरमुकाममा ५० रुपैया प्रतिकेजीमा पाईने चामल ९० रुपैया हाल्दा पनि नपाईने नायकवाडा २ का भीमबहादुर सिहले बताए । उनले नायकवाडा स्थित घाटमा रहेको खाद्य डिपोमा महिनौ देखी चामल नभएकाले स्थानिय खाद्य संकटको चपेटामा परेको बताए ।

## सम्पादकीय

### अख्तियारको सुझाव

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीलाई आफ्नो २७ औं वार्षिक प्रतिवेदन बुझाएसँगै 'अनुचित कार्य' मा छानबिन गर्ने अधिकार माग गरेको छ । कुनै बेला अख्तियारसँगै रहेको यो अधिकार अहिले खोसिएको अवस्था छ । पाएको अधिकारको दुरुपयोग गरेका कारण खोसिएको हो भन्नेमा कुनै द्विविधा छैन । नयाँ संविधान जारी गर्ने बेलामा 'अनुचित कार्य' मा छानबिन गर्ने अख्तियारको अधिकार राख्ने–नराख्ने अन्योलबीच हटाइएको हो । तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीले यसलाई दुरुपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न थालेपछि बाध्य भएर संविधानबाटै यो प्रावधान हटाउँदा यस विषयमा छानबिन गर्नै नसकिने अवस्था उत्पन्न भएको छ। अहिले पनि अख्तियारमा अनुचित कार्य भएकोमा छानबिनका लागि निवेदन पर्ने गरेका छन् । भर्खर अख्तियारले २७ औं स्थापना दिवसको कार्यक्रम आयोजनासमेत गरिसकेको छ । तर, अख्तियारले गरेका कामबाट समाज आश्वस्त हुन भने सकेन । खासमा अहिले अख्तियारले जनविश्वास गुमाएको अवस्था छ । कुनै बेला अख्तियार स्थापनाका निम्ति संघर्ष गर्ने नागरिक समाजका सदस्यहरूले समेत यसप्रति आशा गर्न सक्ने अवस्था नभएको महसुस गरिसकेका छन् । अख्तियारले काम गर्न नसक्नुमा त्यहाँ पुग्ने पात्रको छनोट मुख्य हो ।

# प्रेमः मनभित्रको मौन मस्ती

डा. नम्रता पाण्डे

जति अभियान र सरकारी प्रतिबद्धता जारी गरे पनि अनि कानुनमा कडाइ गरिए पनि महिलामाथि हुने गरेका विभिन्न खाले हिंसाका घटना कम भएका छैनन् । आजकाल हिंसाका समाचार हरूले धेरै नै स्थान पाएका छन् । नहोऊन् पनि कसरी, हिंसामुक्त समाजको निर्माण गर्न सकिन्छ भनेर हामी त्यता लागेकै छैनौं । हिंसा व्यक्तिको मनस्थितिबाट सृजना हुने हुँदा सरकारी प्रतिबद्धता र लिखित कानुनले मात्र यसको रोकथाम या कमी हुने अपेक्षा गर्नु नतिजा नभएर अपेक्षा मात्रै हुनेछ, भइरहेको पनि छ। शारीरिक, मानसिक, आर्थिक, घरेलु, राजनीतिकलगायत हिंसाका अनेकन् रूप छन् । हिंसाका प्रकार र तरिका अलग अलग भए पनि अरूलाई चोट पुर्‍याएरै आफू सन्तुष्टि लिने प्रयास नै हिंसा हो ।

हिंसा पुरुषले महिलामाथि गर्छ या महिलाले पुरुषमाथि भन्दा पनि उक्त व्यक्तिको मनस्थिति र दृष्टि सही ठाउँमा केन्द्रित हुन नसक्नुको कारण हिंसा उत्पन्न हुन्छ । व्यक्ति आफूले चाहेर पक्कै हिंसा गर्दैन । जब उसका वासना र कामनाहरू पूरा हुँदैनन् तब ऊ मानसिक रूपमा विक्षिप्त हुन थाल्छ, बेहोसीमा पुग्छ र उसमा प्रेमको नाम निशाना हुँदैन अनि हिंसामा उत्रिन्छ । उसले होसमा आएर थाहा पाउँछ, मैले यो अपेक्षाका लागि हिंसामा नउत्रेको भए हुन्थ्यो । कसैको गल्तीमा मुस्कान छर्ने खुबी हो, प्रेम । तुफानपछिको शान्ति र गीतबिनाको संगीत हो, प्रेम । दिव्यताको अनुभूति हो प्रेम । शाश्वत सत्य हो प्रेम । जुन देखिँदैन, जुन लेखिँदैन, जसको हिसाब छैन, जसको खाता छैन, नाफा छैन, घाटा छैन, सिकायत छैन, ईर्ष्या छैन । लोभ छैन, मोह छैन । प्रेममा स्वीकार छ, शान्ति छ । प्रेम मौन छ अनि त्यही मौनताभित्र संगीत छ । त्यही संगीत हो, प्रेम । चाँदनी रातको मधुर प्रकाशको दिव्यता हो, प्रेम । कलकल झरनाको छडछड संगीत हो, प्रेम । यौनिक हिंसा ज्यादै नै बढेको छ, जसमा महिला र युवतीहरू यसको शिकार हुने गरेका छन् । आमा, दिदीबहिनी बराबरका महिलामाथि यौनिक हिंसा हुनु पक्कै पनि प्रेमपूर्ण र होसपूर्ण व्यक्तिद्वारा हुने कार्य होइन । देवी समान भनेर मानिने महिलामाथि हिंसा पुऱ्याउने प्रवृत्ति भने मानवरूपी दानव प्रवृत्ति हो । समाचार आउँछन्, प्रेममा धोखा खाएकाले हिंसार हत्या आदि । प्रेम कुनै गणित र लेनदेन होइन, धोखा खानुपर्ने ।

मानिस लिप्त हुन्छन्, वासना र काममा अनि नाम दिन्छन् प्रेमको र समाचार आउँछ, प्रेमकै कारणले हिंसा । प्रेमको नाममा बढ्दै गइरहेका हिंसाका रूपहरूले प्रेमकै अवमूल्यन भइरहेको छ । जहाँ समस्या छ, त्यहाँ उपाय पनि छ । त्यसैले हिंसामुक्त समाज र राष्ट्र हामीले चाहेको हो भने एक मात्र उपाय हो, चेतना जागरणका कार्यक्रम सर्वत्र र निरन्तर जारी गरिनु । चेतनाको स्तरबाट प्रेमपूर्ण र होसपूर्ण कसरी हुने, त्यो कला सिकाउन र सिक्न सके कुनै नियम, कानुन र अभियान आवश्यक पर्दैन । त्यसैले अहिंसा र प्रेमपूर्ण हुने कलाबारे अभियानलाई अब सशक्त बनाइनु पर्छ। बाहिरि शिक्षा र बाहिरि चेतनाले मात्र पुग्दो रहेनछ भन्ने उदाहरण बढ्दै गएका महिला हिंसाका उदाहरणले बताउँछन्। बाहिरबाट मनुष्यको आन्तरिक चेतनामा परिवर्तन आउँदैन । जति शैक्षिक स्तर बढ्दै गयो, आधुनिकताले स्थान लिँदै गयो त्यति हिंसाको प्रकृति बढ्दै गइरहेको छ । सुन्न, पढ्न र देख्नै नसक्ने प्रकृतिका हिंसाका घटना बढ्दै जानु जत्तिको अमानवीय कार्य अरू के होला ? यौन शोषण र महिला हिंसा आफ्नै परिवारबाटै हुने, आफ्नै छोरीमाथि हुने जस्ता पत्यार नै गर्न नसकिने घटना पनि नेपाली समाजमा हुने गरेको समाचार आउँछन् । यी सब घटना पुरुषको घमण्ड र पुरुषको सम्मान जोगाउने नाममा अनि पुरुषप्रधान समाज कायम राख्न खोजिने अमानवीय प्रवृत्तिले मात्र बारम्बार दोहोरिरहेका छन् भनेर आरोप लगाउनुभन्दा प्रेमपूर्ण कसरी बन्ने भन्ने शिक्षा आजको आवश्यकता रहेको छ । समाजमा घट्ने हिंसाका कारण मनुष्यको चेतनामा खोज्नु जरुरी छ, मनुष्यको मनोविज्ञान भित्र खोजिनु जरुरी छ ।

त्यसभित्रको पीडा ठीक पार्न, भित्रको प्रेम जगाउन, भित्रको अहिंसाको स्वभावको बोधका लागि थोरै मात्रामा भए पनि आध्यात्मिक ज्ञानको जरुरी छ । जुन आध्यात्मिक ज्ञान मनुष्यको स्वभाव हो, त्यो जन्मदै मनुष्यले लिएर आएको गुण हो । अध्यात्मले प्रेमको मार्ग मात्र प्रस्तुत गर्छ । आफ्नो स्वभावमा बाँच्न सिकाउँछ, स्वतःस्फूर्त मनुष्य आफ्नो उद्गम, आफ्नो स्वभावमा फर्कन्छ । भित्री चेतना खुलेको मनुष्य समाजले मात्र अहिंसात्मक क्रान्तिको सुरुवात गर्न सक्छ, जुन तथाकथित कागजी, कानुनी, हिंसाविरुद्धका अभियानभन्दा उच्च गुणको क्रान्ति हुन सक्छ । हिंसामा जानुभन्दा सयौं गुणा सहज छ, प्रेममा जिउन । प्रेमपूर्ण हुन कुनै गणित र मिहिनेतको जरुरी छैन र प्रेमले नै संसार जित्छ भन्ने शिक्षणको जरुरी छ । मानिसलाई सिधै हिंसामा नजाऊ भनेर मान्ने आधार र विश्वास तयार गर्नु जरुरी छ। त्यसका लागि सजिलो मध्यमा हो योग, ध्यान र सकारात्मक सोचका शिक्षण । ओशो भन्नुहुन्छ, जीवन नै प्रेम हो । जीवनका हरेक आयामलाई प्रेमपूर्ण र होसपूर्ण हेर र भोग । अनि योगमा समाहित हुने कला जानेमा जीवन प्रेमपूर्ण बन्छ । अनुभव गर्न लायक कुनै कुरा छ त त्यही हो प्रेम ।

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
सह–सम्पादकःपंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरःदिलिपकुमार शाही
बजार ब्यवस्थापकःविक्रम शाही
कार्यालयः खाडाचक्र नपा–१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# कस्तो वाम ? कस्तो समाजवाद

**यादव देवकोटा**

स्थानीय चुनावको समीकरणपछि एमालेजनमा एक किसिमको हलचल मच्चिएको देखिन्थ्यो, खासगरी भरतपुर ,बुटवल, हेटौंडा लगायतका स्थानमा एमालेविरुद्ध कांग्रेस-माके तालमेल प्रकरणले । आफ्नो छुट्टै स्वामित्वको जमिन भासिएको अवस्थामा पुगेका माके कार्यकर्ताहरू चारतारे झन्डा बोकेर चुनावी र्‍यालीहरूमा नेपाली कांग्रेसलाई जिताऔँ भन्दै उफ्रिएको देखिन थालेको थियो । कतै केही सय र कतै मुस्किलले केही हजारको मतभिन्नतामा छिनोफानो हुने गरेका चुनावी क्षेत्रहरूमा कांग्रेस-माके समीकरणसँगको निकट भविष्यको प्रतिस्पर्धाको परिणाम चतुर एमाले नेता केपी ओली र एमाले नेताहरूले अड्कल काटिसकेका थिए । माकेका एकल हर्ताकर्ता पुष्पकमल दाहालले पार्टीको उच्चस्तरीय आन्तरिक बैठकमा भनेको भनेर खबर आइरहेका थिए- हामी एमाले या कांग्रेससँग नमिली चुनाव लड्यौँ भने आकासै खसिदिँदा पनि जित्ने बढीमा पन्ध्र सिट हो । आफैँ कहाँबाट उठेर जित्ने भन्ने भरोसा नपाएका पुष्पकमल दाहाल र माके-कांग्रेसको सम्भावित तालमेलको भयले प्रताडित एमाले नेतृत्व स्वार्थ रक्षाको एकसूत्रीय यस्तो संयोगको साँघु बनाउने निधोमा पुगे जसले दुवैको स्वार्थलाई कुशलतापूर्वक तारिदिन सक्थ्यो ।

ओलीले ठीकै भनेका हुन्- नामहरू विभिन्न सन्दर्भमा राखिन्छन् । नाम कसैलाई चिनाउने सन्दर्भमा राखिन्छ, नामकै आधारमा कोही केही हुँदैन । सवाल त कहाँनेर हो भने, अझै पनि दाहाल टोली आफू जे हैन, त्यही हुँ भनेर दुनियाँ ढाँट्न अभ्यस्त छ । तालमेल त नेताहरूले गर्ने नै भए, तर समस्या थियो- केही महिना अघिसम्म शत्रु ऐलान गरेका कार्यकर्ताहरूको मतको डोरी चुँडिन नदिने र आफू तर्ने स्वार्थको पुल बलियो गरी बाँध्ने । त्यसका लागि उनीहरूले बेच्न सक्ने केही शब्दावलीहरू थिए, जो दशकौँदेखि विभाजन र कलहको पीडाले ग्रस्त नेपाली कम्युनिस्ट जमातबीच पन्पिएर बसेको, जसलाई उनीहरूले चतुर्‍याइँ र फट्याइँपूर्वक लिलाममा हाल्ने निर्णय लिए । तिनैले, जो कम्युनिस्ट शब्दमा बाहेक होइनन्, थिएनन् तिनैले कम्युनिस्ट एकता, वाम एकता, समाजवाद शब्दलाई सम्भवतः वाम आन्दोलनमा अन्तिम पटकका लागि लिलाममा हालिदिए र थपमा एउटा जाल फ्याँकिदिए- पार्टी एकताको ।

आफैँले फालेको जालले चुनावमा चमत्कार गरे पनि, यताका दिनमा भने समस्या उठाइदिएको छ । एकताको कुराले तल्लो तहका, खासगरी माके कार्यकर्ताहरू फरक पार्टी चलाएर बस्ने मानसिकताबाट निस्किएको देखिन्छ, त्यसमा एमालेमा पनि माकेकालाई भित्र्याउन रहर गर्नेहरूको संख्या उल्लेख्य देखिन्छ । आफूजस्तै चरित्र, स्वभाव, व्यवहार भएको सगोत्री छुट्टिएर बसेको मन नपर्नु सर्वथा उचित नै छ । माकेको रहर मिसिएको निर्विकल्प बाध्यता र एमाले, खासगरी ओलीको प्रधानमन्त्री बन्नुपर्ने कहरका कारण एमाले-माके एकता परिस्थितिको बाध्यात्मक विकल्पमा रूपमा अघि बढेको बुझ्न सकिन्छ । केही अघिको एकल वार्तामा ओलीले दाहाललाई अहिले अध्यक्ष दिन नसकिने तर महाधिवेशनपछि बढीमा सहअध्यक्षसम्म दिन सक्ने भनेर प्रस्ट कुरा राखिदिएपछि माके कार्यकर्ताहरू सामाजिक सञ्जालमा ओलीविरुद्ध खनिन थालेको पनि देखियो । त्यसको अन्तर्यमा एकमात्र विषय देखिन्छ, दाहालले एकीकृत पार्टीको अध्यक्ष नपाउने अवस्था आउनु । केही अघिसम्म माके-एमाले तालमेल या हुने भनिएको एकतावारे प्रश्न गर्नेलाई समृद्धि र समाजवादका दुश्मन करार गर्न उत्साहित हुनेहरू दाहालले कुनै पद पाउँदा या नपाउँदा टिक्ने या भत्कने समाजवाद र वाम एकताको रङ कस्तो हो भनेर बताउन पनि दाहालको जुँगाको इसारा कुनुपर्ने हालतमा देखिन्छन् । दाहालले कुनै पद पाउँदा सम्मानजनक हुने र नपाउँदा नहुने बताउनेहरू तिनै छन् जसलाई कम्युनिस्ट पार्टीभित्र कार्यकर्ताको आत्मसम्मान कायम रहनका लागि आवश्यक आधारहरूबारे न त चेतना छ, न चिन्ता ।

यहाँनेर ओली र एमालेजनले बढी नै सम्झेजस्तो देखिन्छ, दाहालको खेलो- हिजो माओवादीभित्रै कहिले वैद्य त कहिले बाबुरामलाई हैरान बनाएर अविछिन्न शक्ति र पदमा कायम रहेको । शक्ति र पदका लागि आफैँ संलग्न सरकारविरुद्ध अविश्वास प्रस्ताव राखेको, छोरी जिताउन कांग्रेससँग तालमेल गरेको र फेरि राजनीतिक फाइदाका लागि, आफू जित्नका लागि आफैँ सामेल सहयात्रीविरुद्ध एमालेसँग तालमेल गरेको । लडेर, जिन्दगीलाई पटरी बनाएर आफूलाई नेता बनाउन जिन्दगी बिगारेका कार्यकर्ताहरूको भावना, तिनलाई दिएको सपना, तिनीहरू र जनसमुदायका नाममा गरेको वाचा, प्रतिबद्धताहरूलाई त्यागेर फाइदाको, मोजमज्जाको यात्रामा हिँड्न सक्नेले बाँकी कसैलाई छोड्दैन । आफैँले तरेर आएको रगतको भेल, त्यो रगतको भेलसँग जाहेर गरेको वाचा र प्रतिबद्धतालाई किञ्चित असजिलो नमानी भुल्न, त्याग्न, बिर्सन, धोका दिन, झुक्याउन सक्नेले कसैलाई धोका दिन, झुक्याउन बाँकी राख्नेछैन भनेर दाहाललाई बुझ्न सक्ने आजको राजनीतिमा ओली नै होलान् सबैभन्दा पहिलो पंक्तिमा । देखिइ नै पनि सकेको छ, आलोपालो प्रधानमन्त्रीको वचन र सह-अध्यक्षको कुरा नमिल्दासम्म दाहालले फड्को मार्छु भनेर आफ्नो असलियतको आफैँले उद्घाटन गरेको । फाइदाका लागि जे पनि गर्ने र त्यसलाई लचकता र रणनीतिको मजेत्रो ओढाउने दाहाल-लाचारीलाई माकेका कार्यकर्ताले आफ्नो सुप्रिमोको चमत्कार भनेर निस्फिक्री निद्राको ट्याब्लेट बनाए पनि एमालेका नेता-कार्यकर्ताहरू दाहाललाई भित्र्याउँदा कहिले नेपाल-खनाल त कहिले ओली-वामदेवको कित्ता चर्काएर हिजो माओवादीमा वैद्य र बाबुरामलाई झैँ हैरान बनाउने पूर्वदृश्यसँग सचेत भएको देखिन्छ । तर समयले ऊनीहरुलाइ यसरी च्यापेको देखिन्छ कि दाहाललाई पालो दिएर प्रधानमन्त्री र पार्टीमा दुई अध्यक्ष राखेर दाहालको सम्मान कायम गर्नुपर्ने अवस्थामा एमाले उभिएको छ । नाम जे दिए पनि माके-एमाले न त कम्युनिस्ट हुन्, न त वाम नै ।

तिनको साइनबोर्डमा कम्युनिस्ट छ भन्दैमा तिनीहरू कम्युनिस्ट हुनुपर्ने कुनै बाध्यता छैन । यसमा ओली इमानदार देखिएका पनि छन् । उनले हाकाहाकी भनेकै छन्, एमाले-माके गठबन्धन वामपन्थी गठबन्धन पनि होइन, कम्युनिस्ट गठबन्धन त झन् हुँदै होइन । जे होइन, त्यो हो भनेर दुनियाँलाई बेवकुफ बनाउने दाहाल समूहको पाल्सी नीतिप्रति ओलीको यो बगावत बुझ्न सकिने गरी नै प्रकट छ । माके-एमालेमा न वामपन्थका न्यूनतम भावरेखाहरू देखिन्छन् न कम्युनिस्टका आधारभूत चरित्र । ओली या दाहाल जतिपटक सत्ताप्रमुख भए ।


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन**
**कार्यालय कालीकोट**



## मनोरञ्जन



# प्रफेरि साइलीको कथा, बैदेशिक रोजगारीको पीडा

बैदेशिक रोजगारीले गाउँमा जति खुसी भित्र्याएको छ, त्यो भन्दा बढी पीडा । विदेशी माटोमा पसिना चुहाएर परिवार को खुसी खोज्न हिँडेकाहरु आफैं दुखका महासागरमा डुबेका छन् । यस्तै पृष्टभूमीमा एउटा गीतको म्युजिक भिडियो हालै सार्वजनिक भएको छ ।

नव यौवना पत्नीलाई छाडेर विदेशिएका असंख्यौं नेपाली युवाको कथा भनेको छ गीतले । विदेशबाट धन कमाएर फर्कदा घरबार उजाडिएको कथालाई म्युजिक भिडियोमा देखाइएको छ । गीतको बोल छ, लाएको माया । गायक हुन्, हिमाल श्रेष्ठ । मनिष गदारले लेखेका र उनैले धुन भरेका छन् ।

पोखराको हिमाली पृष्टभूमीमा खिचिएको भिडियोमा सहिन प्रजापति, अनुश्का अधिकारी र प्रतिक अधिकारीले अभिनय गरेका छन् । यो म्युजिक भिडियो प्रशन्न पौडेलले निर्देशन गरेका हुन् ।

# निर्देशक हुरुक्कै भएपछि

केही समयअघि अभिनेत्री ज्याकलिन फर्नाडीजले पोल डान्स गरेको भिडियो भाइरल भएको थियो । पोल डान्स एक किसिमको कामुक नृत्य हो । नृत्य र जिम्न्यास्टिकको संयोजनबाट तय गरि एको पोल डान्स अक्सर स्ट्रिप क्लबमा देखाइन्छ । यी बलिउड सुन्दरीले जब कामुक पोल डान्स देखाइदिए, त्यसको राप सर्वत्र फैलियो । र, यसले रेमो डिसूजालाई पनि हुरुक्कै बनाएछ । उनले आफ्नो फिल्म 'रेस(३' मा ज्याकलिनको पोल डान्स दोहोर्‍याउने टुंगो गरे । यो फिल्म 'रेस' र 'रेस(२'को सिक्वेल हो । निर्देशक रेमो डिसूजाले भनेका छन्, 'ज्याकलिन एकदमै मिहेनती छिन् । कम समयमै उनी पोल डान्समा परांगत भएकी छिन् । हामीले उनको पोल डान्सको कौशल त देखिसकेका छौं । त्यसैले उक्त डान्सलाई म आफ्नो फिल्ममा सामेल गर्दैछु ।' 'रेस(३' मा सलमान खानसँग ज्याकलिन फर्नाडिजले रोमान्स गर्दैछिन् । यसअघि उनीहरु ब्लकबस्टर फिल्म 'किक'मा देखिएका थिए । जब यहि जोडी 'रेस(३' मा दोहोरिने चर्चा भयो, तब फिल्मले राम्रो पब्लिसिटी पाइर हेको छ । सलमान खान फिल्म्स् र र मेश तौरानीको टिप्स फिल्म्स्को ब्यानर मा बन्ने यो फिल्म आगमी ईदमा सार्वजनिक हुनेछ ।

## स्वास्थ्य

# वास्तु विज्ञान घर बनाउनुअघि जान्नैपर्छ यी १२ कुरा

घर बनाउनुअघि वास्तु हेराउन पर्छ भनिन्छ । आधुनिकताको अनुसरण गरि रहेका हामीलाई वास्तु भन्नसाथ आडम्बर हो भन्ने लाग्छ । यसलाई केवल परम्परा मात्र ठान्छौं । र, वास्तुबारे खास हेक्का राख्दैनौं । तर वास्तु आफैमा विज्ञान हो । वास्तु अनुसार घर निर्माण गर्दा त्यो राम्रो हुन्छ । कुरा सही हो । वास्तुले घर निर्माणका लागि त्यसरी नै निर्देश गर्छ, जसरी आधुनिक विज्ञानले । अर्थात घर कुन दिशामा फर्किएको, कति झ्याल ढोका भएको, कस्तो आकार-प्रकार को बनाउने भन्ने कुराले घरको टिकाउ, गुणस्तरलाई बुझाउँछ । घर बनाउनुअघि माटो हेर्ने गरिन्छ । माटो हेर्नुको अर्थ त्यसको धरातल कति बलियो छ भन्ने हो । साथै कुन दिशामा फर्किएको घर र म्रो भन्ने वास्तु विज्ञानमा स्पष्ट हुन्छ । यसले आफुले निर्माण गर्ने घर आसपासमा वहकिने हावा, घामको प्रकाश आदिलाई मध्यनजर गरेको हुन्छ । त्यसैले वास्तु विज्ञानलाई उपेक्षा गर्ने होइन, बुझ्ने प्रयास गर्नुपर्छ । घर, पसल, वा प्लट खरिद गर्नुअघि त्यसको बनावट, वातावरण, धरातल, मुलभूत ढाँचाको समीक्षा गर्नुपर्छ । भूमीको चयन गर्नु त्यती सजिलो छैन, जति हामी ठान्ने गर्छौं । अतस् घर निर्माण अघि वास्तु विज्ञानले निर्देश गरेको यी कुरा ख्याल गर्नैपर्छ ।

१. घरमा पर्याप्त प्रकाशको व्यवस्था हुनुपर्छ । साथै ताजा हावा आउजाउ गर्ने हुनुपर्छ ।

२. वास्तु अनुसार शयनकक्ष अर्थात बेडरुम यस्तो हुनुपर्छ कि, सुतेको समय खुट्टा उत्तर दिशा र टाउको दक्षिण दिसामा होस् । सुतेको समयमा व्यक्तिको खुट्टा ढोकातर्फ हुन हुँदैन ।

३. वास्तु अनुसार शौचालय घरको पश्चिम दिशामा बनाउनुपर्छ ।

४. वास्तु अनुसार किचन घरको अग्नेय कोणमा हुनुपर्छ । खाना खाएको समयमा हाम्रो मुख पूर्व वा उत्तर दिशामा हुनुपर्छ । यसले सकारात्मक उर्जा संचार हुन्छ ।

५. घर बनाउने स्थानमा दुर्गन्धित ढल, वर्कसप आदि भएको राम्रो मानिदैन ।

६. ढलान भएको वा खोंचमा घर बनाउनु उपयुक्त हुँदैन ।

७. हावा, पानी, प्रकाश, चौडा गल्ली भएको स्थान बसोबासका लागि उपयुक्त मानिन्छ ।

८. त्रिभूज आकारको जग्गा कहिले पनि खरिद गर्नु हुँदैन । एकतिर ठूलो चौडा र अकोतिर एकदमै कम चौडा भएको जग्गा पनि शुभ मानिदैन ।

९. भान्सा, बगैंचा अदि मूख्य द्वारको सामुन्ने बनाउनु हुँदैन ।

१०. मूख्य ढोकाको सामुन्नेमा पर्खाल हुनु हुँदैन ।

११. सार्वजनिक ट्यांकीको छायाँमा घर बनाइयो भने, त्यहाँ बसोबास गर्न योग्य मानिदैन ।

१२. दुई ठूलो घरको बिचमा एक सानो घर भए, त्यस्तो सानो घरमा बस्नु उपयुक्त हुँदैन ।

लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण
प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट
नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।
नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

प्रकोप र महामारी सम्बन्धमा
नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# जाजरकोटको बारेकोटमा खाद्यन्नको चरम अभाव

**मिसन न्यूज**

**जाजरकोट** – बारेकोट गाउँपालिका क्षेत्रमा एक महिनायता खाद्य अभाव भएको छ। यतिबेला बारेकोटमा पुरानो अन्न सकिएको तर नयाँ बाली नपाकेको र अनुदानको चामल डिपोमा ढुवानी नहुँदा खाद्य अभाव देखिएको खवर कान्तिपुरमा छ। सपना एन्ड सरोज कन्स्ट्रक्सन कम्पनी जाजरकोटले बारेकोटको घाट डिपोमा चामल ढुवानी गर्न लापरबाही गरेको छ। कम्पनीले खाद्य संस्थान शाखा कार्यालय खलंगाबाट १ सय ८७ क्विन्टल चामल चलानी बुझे पनि घाट डिपोमा १ सय २० क्विन्टल मात्रै पुर्‍याएको छ। कम्पनीले चलानी बुझेमध्येको ६७ क्विन्टल चामल खुर्पा, फुलचाउँलीलगायत स्थानमा अलपत्र परेको बारेकोट १, सिर्पाचौरका हरिबहादुर थापा बताउँछन्। उनका अनुसार बारेकोट डिपोमा पुगेको चामल




स्थानीयबीच खोसाखास हुने गर्छ। डिपोमा चामल नहुँदा बारेकाटका बासिन्दालाई खाद्य समस्याले सताएको हो। ४ र ५ घण्टा पैदल हिँडेर डिपो पुगेका सर्वसाधारण चामल नपाएर रित्तो फर्कन बाध्य छन्। 'यतिबेला बारेकोट क्षेत्रका रामीडाँडा, नायकबाडा, सक्ला र रोकायगाउँका २० हजार सर्वसाधारणले खाद्य अभावको समस्या बेहोर्नुपरेको छ,' उनले भने, 'बारेकोटमा सधैं खाद्य अभाव हुने गरेको छ।' बारेकोट क्षेत्रमा धानलगायत अन्न उत्पादन कम हुनाले स्थानीय बासिन्दा बसेनि खाद्य अभावको मारमा पर्ने गरेको बारेकोट ४ का नेत्र सिंहले बताए। उनका अनुसार खाद्य संस्थानको डिपोमा नियमित चामल पाउने व्यवस्था नहुँदा झनै समस्या भएको छ। 'डिपो छ, चामल पाइँदैन,' उनले भने, 'घाट डिपोमा वर्षमा एकरदुई पटकभन्दा बढी चामल पाउन मुस्किल हुन्छ।' खाद्य संस्थान र सम्बन्धित ढुवानी व्यवसायीको लापरवाहीले डिपोमा चामल नपुग्ने उनको भनाइ छ। खाद्य अभावपछि स्थानीय बासिन्दा मोटो चामल प्रतिकिलो ६० रुपैयाँमा किनेर गुजारा चलाउन बाध्य भएको स्थानीय रामछाया सिंह बताउँछिन्।

'डिपोमा कहिल्यै चामल पाइँदैन,' उनले भनिन्, 'खाद्यको अनुदान चामल नपाउँदा पसलको महँगो चामल किनेर गुजारा चलाउनुपर्छ।' घाट डिपोका लागि ढुवानीकर्ता व्यवसायीको लापरवाहीले गर्दा चामल समयमा पुग्न नसकेको

बाँकी ८ पृष्ठमा..


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौ।
– बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउ र नखुऔ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइदिएपछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

## सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउनुहोस्।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
Ih Nff :j f:Yo s fof{o s fln s f]

## अन्तराष्ट्रिय न्यूज

# ट्रम्पको दावी गलत, ओमाबा र बुशको भाषण धेरैले सुने

**मिसन न्युज**

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले संसदमा दिएको मन्तव्य इतिहासमै सबैभन्दा बढी व्यक्तिले टेलिभिजनमार्फत् सुनेको दावी गरेका छन् । तर गत वर्ष रेटिङ्स डाटाले ट्रम्पको यस दावीलाई पूर्णरुपमा गलत ठहर गरेको थियो । ट्रम्पले हालसम्म सबैभन्दा बढी ४ करोड ५६ लाख मानिसले टेलिभिजनमार्फत् आफूले स्टेट अफ द युनियनमा दिएको मन्तव्य सुनेको दावी गरेका थिए । तर अमेरिकाको टेलिभिजन रेटिङ्ग सम्बन्धी तथ्यांक राख्ने कम्पनी निलसनले त्यो दावीलाई गलत भनेको छ ।

निलसनका अनुसार ट्रम्पको मन्तव्य भन्दा धेरै पूर्वराष्ट्रपति बराक ओबामा, बिल क्लिन्टन र जर्ज डब्लु बुशको मन्तव्य व्यक्तिहरुले टेलिभिजनमा सुनेका छन् । यद्यपि ट्रम्पको मन्तव्य सामाजिक सञ्जाल ट्वीटरमा पनि सुनिएको थियो । ट्वीटरका अनुसार ट्रम्पको मन्तव्यको बारेमा ४५ लाख ट्वीट भएको थियो जुन आफैमा रेकर्ड हो ।

ट्रम्पले आफ्नो मन्तव्यको बारेमा सामाजिक सञ्जालमा लेखेका थिए, 'स्टेट अफ द युनियनको मन्तव्यबारे आफ्नो बिचार राख्ने र विश्लेषण गरेकामा धन्यवाद । यो मन्तव्य ४.५६ करोड व्यक्तिले हेरे जो इतिहासकै सबैभन्दा बढी हो । पहिलो पटक फक्स न्यूजको सबै च्यानलमार्फत् सबैभन्दा धेरी हेरियो, १.१७ करोड व्यक्तिले यस च्यानलमा मेरो मन्तव्य हेरे । मनको कुरा मनसम्म पुग्यो ।' तर निलसनबाट प्राप्त तथ्यांकलाई हेर्ने हो भने २०१० मा बराक ओबामाको मन्तव्यलाई ४.८ करोड व्यक्तिले हेरेका थिए । जबकी १९९३ मा बिल क्लिन्टको मन्तव्यलाई ६.६९ करोड व्यक्तिले हेरेका थिए । यो आफैमा एक नयाँ रेकर्ड थियो ।

सन् २००३ मा इराक युद्धको केही सप्ताहअघि जर्ज डब्लु बुशले जुन मन्तव्य दिए त्यसलाई ६.२१ करोड व्यक्तिले हेरेका थिए । निलसन कम्पनीले यो कुराको पुष्टि गरेको छ कि ट्रम्पको मन्तव्य हेर्नेहरुमध्ये एक चौथाई अर्थात १.१५ करोड व्यक्तिले फक्स न्यूजमा हेरे । निलसनको यो सर्वेक्षण १२ टेलिभिजन नेटवर्कबाट प्राप्त तथ्यांकमा आधारित छ र यसमा इन्टरनेटमार्फत टेलिभिजन हेर्नेहरुको तथ्यांक समावेश छैन । सीएनएनका अनुसार ट्रम्पको भाषण शुरु भएको एक घण्टाभित्रै ३.२ लाख व्यक्तिले इन्टरनेटमार्फत् लाइभ भिडियो हेरेका थिए ।

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake), चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालिकोट**
फोन नं. ०८७-४४०००२

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |

| | |
|---|---|
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

मिसन न्यूज
राष्ट्रिय
साप्ताहिक

www.missionenews.com

# जिल्ला समन्वय समिति सुनसान


**मिसन न्यूज**

**सल्यान** –कुनै बेला सेवाग्राहीको निकै भिडभाड तथा चहल पहल हुने जिल्ला बिकास समितिको कार्यालय सल्यान नाम फेरिए संगै सुनसान बनेको छ। जिल्ला बिकास समिती बाट नाम फेरिएर जिल्ला समन्वय समिति भए सँगै अहिले प्राय सुनसान हुने गरेको हो। एकातीर फेरीए संगै कर्मचारीहरु पनि स्थानिय तहमा गए पछि यस्तो भएको हो। अहिले यस कार्यालयमा न त पहिले जस्तै सेवाग्राही आउछन्, न त कर्मचारी नै छन्। स्थानीय तहको पुर्नसंरना संगै अधिकार गाउँपालिका र नगरपालिकामा बिकेन्द्रित भएपछि जिल्ला विकास समितिको नाम जिल्ला समन्वय समिति




नाम फेरिनु, अर्कोतीर सेवाग्राही पनि नआउनु जस्ता कारणले यो कार्यालयमा सुनसान बनेको हो। कार्यालयमा कुनै पनि सेवा ग्राहि नआउदा कार्यालय नै निसुरो हुने गरेको स्वयम कर्मचारीहरु नै बताउँछन्। त्यस्तै कार्यालयको नाम राखिएको थियो। नाम परिवर्तन भएसँगै कार्यालयमा आउने सेवाग्राहीहरु पनि परिवर्तन भएका छन्। अहिले जिल्ला समन्वय समितीमा बिकास निर्माणका कामहरुको लागी आउने सेवाग्राहीहरुको संख्यामा शून्य रहेको जिल्ला समन्वय

**बाँकी ८ पृष्ठमा..**



*रारामा पर्यटकहरु घोडामा घुम्दै*

मुगुको रारा तालमा आन्तिरिक पर्यटकहरु घोडामा घुम्दै। दशैं लागेसंगै रारा हेर्न आउने पर्यटकहरुको घुईचो लागेको छ। दैनिक यहाँ डेरसयदेखी २ सय बढी ताल हेर्न आउने गरेको ब्यापारीहरु बताउँछन्।


## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

मिसन न्यूज | २०७४ माघ २४ गते बुधबार | 7 February 2018 Wednesday | अन्तिम पृष्ठ | ८

## जिल्ला समन्वय समिति......................

समिती सल्यानका सुचना अधिकारी पूर्ण बहादुर वलीले बताए । 'यहाँ आउने सेवाग्राहीहरु अहिले नगरपालिका, गाँउपालिकामा जाने गरेका छन् । समन्वय समितीको अहिले बिभिन्न निकाय संग समन्वय गर्ने काम भैरहेको छ' -उनले भने । योजना माग गर्ने, योजनाको फरफार गर्ने लगायत कामहरुका लागि सेवाग्राहीले भरिभराउ हुने उहिलेको जिल्ला विकास समिति अचेल भने शान्त एवं सुनसान छ। नले अहिले जिल्लामा भएका र भैरहेका कामहरुको अनुगमण तथा निरिक्षण गर्ने काम भैरहेको बताए । उनले विकास निमार्णका योजना संचालन गर्ने जिल्ला विकास समितिको सम्पुर्ण अधिकार गाउपालिका र नगरपालिकालाई भएपछि प्राय सेवाग्राही नआउने गरेको बताए। जिल्ला बिकास समिती हुदाँ ३० जनाको हाराहारीमा भएका कर्मचारीहरु अहिले घटेर १२/१३ जनामा आएका छन् ।

## जाजरकोटको बारेकोटमा................

शाखा प्रमुख रामबहादुर बस्नेतले बताए। घाट डिपोसम्म चामल ढुवानीका लागि सडक मार्गको पहुँच नहुँदा पनि समस्या भएको उनको भनाइ छ। माघ मसान्तसम्म ७ सय क्विन्टल चामल ढुवानी गरी सक्नुपर्नेमा २ सय क्विन्टल पनि ढुवानी नभएको उनले जनाए । ब्यवसायीले चामल ढुवानीका लागि कार्य सम्पादन जमानतै राख्न नसक्दा र घोडाखच्चड नपाउँदा डिपोतर्फ चामल चलानी नभएको उनले बताए। 'आगामी असारमसान्तसम्म घाट डिपोमा २ हजार क्विन्टल चामल ढुवानी गर्नुपर्नेछ,' उनले भने, 'चालु आवमा घाट डिपोबाट हजार क्विन्टल नियमित कोटाको र हजार क्विन्टल थप कोटाको चामल वितरण हुनेछ।' बारेकोटमा चामल ढुवानी गर्न पटकपटक ताकेता गर्दा पनि व्यवसायीले नटेरेको उनले बताए । जिल्ला खाद्य व्यवस्थापन समितिले पनि सम्बन्धित ब्यवशायीलाई छिटोभन्दा छिटो चामल ढुवानीका लागि ताकेता गर्ने निर्णय गरेको उनले सुनाए।घाट डिपोमा तत्काल चामल ढुवानी व्यवस्था मिलाउन लागेको कन्स्ट्रक्सनका प्रोपाइटर जितबहादुर सुनारले बताए ।

**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्यक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

Od]n ciaasurkhet@gmail.com

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

## जिल्ला वन कार्यालय कालीकोटको सूचना

यस जिल्लाको राष्ट्रिय वन तथा सामुदायिक वनहरुमा वन्यजन्तुहरुको चोरी शिकारी गर्नेहरु विभिन्न प्रकारले सक्रिय रहेको भन्ने बुझ्िन आएको हुदाँ यस्तो कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ विरुद्ध भएकोले यस्ता कार्य गर्नेहरु उपर कडा कारबाही भइजाने व्यहोरा समयमै जानकारी गराइन्छ । साथै सामुदायिक वन उपभोक्ता समूहहरु तथा संघ संस्थाहरुलाई यस्ता कार्य गर्ने गराउनेहरुलाई निरुत्साहीत गर्न र त्यसको सुचना पाइएमा नजिकको वन कार्यालय वा प्रहरी कार्यालयमा जानकारी गराउन समेत अनुरोध छ ।

याद राख्नुहोस : वन्यजन्तु चोरी निकासी गर्नेलाई ५ वर्षसम्म कैद र १५ लाख रुपैयाँ सम्म जरीवाना वा दुबै हुन सक्छ ।

**जिल्ला वन कार्यालय कालीकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाा सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं।**

**जिल्ला स्वास्थ्य कार्यालय कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**जिल्ला समन्वय समिति कालिकोट**